# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय टिकापुर, कैलालीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकासित मिति २०८३/०१/१५ गते मंगलबारको सौर्य राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लिमिटेड)का तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको ब्याज एवं किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी तहाँ ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय, टिकापुर, कैलालीमा** दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/२६ गते मंगलबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय, टिकापुर, कैलालीमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

### क. ऋणी तथा जमानतर्ताको विवरणः

**ऋणी :** नेपाल सरकार, बाणिज्य मन्त्रालय बाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण बिभाग, बाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी कैलालीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७०३।०८ मा प्रा.फ.र.नं. २८४८१/०७६/७७ दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय धनगढी, करदाता सेवा कार्यालय लम्की कैलालीबाट मिति २०७६/०२/२८ मा स्थायी लेखानम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१०७७२१५७ को प्रमाणपत्र प्राप्त **मन्जिता एण्ड धना ट्रेडर्स** ।

**रजिष्ट्रर्ड ठेगाना :** कैलाली जिल्ला जोशिपुर गाउँपालिका वडा नं. ४, दहरवरिया ।

**प्रोप्राइराइटर तथा जमानतकर्ता : राजा राम चौधरी**
(ना.प्र.नं. २०६५/३७२५, जारी मिति २०५९/२/२८, जारी गर्ने कार्यालय जि.प्र.का. कैलाली) । ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ४ (साविक बौनिया गा.बि.स. वडा नं. १), दहरबेरीया । बाबु : दुव राम चौधरी । बाजे : चिगो चौधरी ।

**जमानतकर्ता : दुव राम चौधरी**
(ना.प्र.नं ०२३६, जारी मिति २०३६/०१/०९, जारी गर्ने कार्यालय जि.प्र.का. कैलाली) । ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं ४ (साविक बौनिया गा.बि.स. वडा नं. १), दहरबेरीया । बाबु : चिगो चौधरी । बाजे : भोगे चौधरी ।

**जमानतकर्ता : रेश्मा देबि चौधरी**
(ना.प्र.नं. ६७२०३४/३९०५५, जारी मिति २०७०/१०/१४, जारी गर्ने कार्यालय जि.प्र.का. कैलाली) । ठेगाना : कैलाली जिल्ला जोशिपुर गा.पा. वडा नं. ४ (साविक बौनिया गा.बि.स. वडा नं. १), दहरबेरीया । बाबु : शेर बहादुर थारु । पति/ससुरा : राजा राम चौधरी/ दुव राम चौधरी ।

### ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. दुब राम चौधरीको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जि., नवलपुर गा.बि.स. वडा नं. ७, नक्सा सिट नं. ७ स्थित कित्ता नं. ६९४ र ६८९, क्षेत्रफल ०-१९-१०-० र ०-७-०-०, (बिघा) र ऐ.ऐ. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कित्ता नं. ४५१ को क्षेत्रफल र ०-०-७-२ (बिघा)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ....१

२. ऋणी **मन्जिता एण्ड धना ट्रेडर्स**को स्टक तथा चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण समेत ..........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय, टिकापुर, कैलालीबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय टिकापुर, कैलालीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x24